**आकाशवाणी समाचार- नेपाली**

मितिः १३ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. मन्त्रिमण्डलको आर्थिक कार्य समितिले कोल-सेतु लिलामी नीतिलाई मंजूरी दिएको छ।

२. केन्द्रीय मंत्रिमंडलले जनगणना 2027 को लागि 11 हजार सात सय 18 करोड़ रुपियाँको बजेटलाई मंजूरी दिईएको छ।

३. प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी सोमबारदेखि जोर्डन, इथियोपिया र ओमानको भ्रमण गर्नुहुनेछ ।

४. निर्वाचन आयोगले आठ प्रमुख राज्यहरूमा मतदाता नामावलीको विशेष गहन पुनरीक्षण-एस.आई.आर.को निगरानी गर्न विशेष पर्यवेक्षकहरू नियुक्त गरेको छ।

५. चेन्नईमा हुने स्क्वास विश्वकपको सेमिफाइनलमा दोस्रो वरियताको भारतीय टोलीले आज डिफेन्डिङ च्याम्पियन मिस्रको सामना गर्दैछ।

**मंत्रिमंडल-कोयला - जनगणना**

मन्त्रिमण्डलको आर्थिक कार्य समितिले हिजो निर्बाध, कुशल र पारदर्शी उपयोगका लागि कोइला खण्डहरूका लागि कोल-सेतु लिलामी नीतिलाई स्वीकृति गरेको छ। यसले विभिन्न औद्योगिक उपयोग र निर्यातका लागि कोइला ब्लकहरूको लिलामीका लागि नयाँ माध्यम तैयार गरेको छ। यसको उदेश्य संसाधनको निष्पक्ष उपलब्धता र अधिकतम उपयोग सुनिश्चित गर्ने हो ।

हिजो नयाँ दिल्लीमा मंत्रिमंडलका निर्णयहरूको बारेमा कुरा गर्दै सूचना एवम् प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, यस नीतिले 2016 को अनियमित क्षेत्रका खण्डहरूको लिलामी नीतिमा कोल-सेतु माध्यम जोडेर दीर्घकालीन आधारमा कोइला खण्डहरूको आवंटनलाई अनुमति दिनेछ। उहाँले भन्नुभयो कोइलाको आवश्यकता भएका घरेलु खरीददारहरूले लिलामीमा भाग लिन सक्छन्। कोइला खण्ड मालिकहरूले आफ्नो कुल क्षमताको 50% निर्यात गर्न योग्य हुनेछन्।

**प्रधानमंत्री - कोयला और खोपरा**

प्रधान मन्त्री नरेन्द्र मोदीले, केन्द्रीय मंत्रिमंडलको कोलसेतु नीतिको स्वीकृति भारतको ऊर्जा सुरक्षालाई बलियो बनाउने र विकासलाई गति दिने दिशामा एक महत्त्वपूर्ण कदम रहेको बताउनुभयो। श्री मोदीले हिजो एक सोशल मिडिया पोस्टमा भन्नुभयो, कोइला सेतु नीतिले कोइलाको सहज, कुशल र पारदर्शी उपयोग र दक्षताका लागि नयाँ मार्ग खोल्नेछ। यसबाट व्यापार गर्न सहज हुने, आन्तरिक उपलब्धता बढ्ने र आयातित कोइलामाथिको निर्भरता घट्ने उहाँको भनाइ छ । प्रधान मन्त्रीले भन्नुभयो वर्ष २०२६ को लागि खोपराको न्यूनतम समर्थन मूल्यमा बढाउने मन्त्रिपरिषद्को निर्णयले नरिवल किसानहरूको आय वृद्धिका साथै खोपराको उत्पादनलाई बढावा दिनेछ। उहाँले भन्नुभयो, सरकार देशभरिका किसानहरूको जीवनस्तर सुधार गर्न प्रतिबद्ध छ।

**मंत्रिमंडल-जनगणना**

केन्द्रीय मंत्रिमंडलले जनगणना 2027 को लागि 11 हजार सात सय 18 करोड़ रुपियाँको बजेटलाई मंजूरी दिईएको छ।सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले नयाँ दिल्लीमा संवाददाताहरुसित भन्नुभयो जनगणना 2027 दुई चरणमा गरिने

छ। यो देशको 16 औं र स्वतन्त्रता पछिको आठौं जनगणना हुनेछ।श्री वैष्णवले भारतको जनगणना विश्वको सबैभन्दा ठूलो प्रशासनिक र सांख्यिकीय प्रक्रिया भएको बताउनु भयो। यस अन्तर्गत जातीय जनगणना पनि गरिनेछ। श्री वैष्णवले यो पहिलो डिजिटल जनगणना हुने बताउनु भयो।एन्ड्रोइड र आईओएस दुवै मोबाइल एप्लिकेसनहरू मार्फत डेटा संग्रह गरिनेछ। श्री वैष्णवले जनगणना कार्यको लागि तीस लाख कर्मचारीहरू खटाइने बताउनु भयो।

**बाइट- अश्विनी वैष्णव**

जनगणना 2027 मा देशको सम्पूर्ण जनसंख्या सामेल गरिनेछ। यस प्रक्रिया अन्तर्गत, जनगणना कर्मीहरू प्रत्येक घरपरिवारमा पुग्नेछन्।

श्री वैष्णवले मंत्रिमंडलले कोइला कोयला संपर्क नीति - कोल सेतुमा सुधारहरूलाई मंजूरी दिईएको बताउनु भयो। उहाँले भन्नुभयोले भारत कोइला क्षेत्रमा आत्मनिर्भरतातर्फ अघि बढिरहेको छ।

**खोपरा**

आर्थिक मामिला सम्बन्धी मन्त्रिपरिषद् समितिले सन् २०२६ का लागि खोपराको न्यूनतम समर्थन मूल्य मंजूरी गरेको छ । किसानहरूको हितका लागि सरकारले केन्द्रीय बजेट 2018-19 मा घोषणा गरेको थियो कि सबै अनिवार्य बालीहरूको न्यूनतम समर्थन मूल्य अखिल भारतीय भारित औसत उत्पादन लागतको कम्तिमा डेढ गुणा निर्धारण गरिनेछ।

मिलिङ खोपराको न्यूनतम समर्थन मूल्य ४४५ रुपैयाँले बढाएर प्रतिक्वीन्टल १२ हजार २७ रुपैयाँ कायम गरिएको छ । सोही अवधिका लागि बॉल खोपरा का न्यूनतम समर्थन मूल्य ४ सय रुपैयाँले बढाएर प्रतिक्वीन्टल १२ हजार ५ सय रुपैयाँ कायम गरिएको छ । श्री वैष्णवले भन्नुभयो  यो निर्णयले नरिवल उत्पादकहरूलाई राम्रो प्रतिफल सुनिश्चित गर्नेछ। यसले किसानहरूलाई घरेलु र अन्तर्राष्ट्रिय रूपमा नरिवलका उत्पादनहरूको बढ्दो माग पूरा गर्न खोपराको उत्पादन बढाउन पनि प्रोत्साहित गर्नेछ।

**आईएफएडी भारत**

रोममा आयोजित आईएफएडी-भारत दिवस समारोहमा, भारत सरकारले ग्रामीण विकास, महिला सशक्तीकरण र जलवायु परिवर्तन अनुकूल कृषिको क्षेत्रमा देशको अग्रणी उपलब्धिहरू प्रदर्शन गर्यो। यो अवसर कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (आईएफएडी) सँग भारतको लामो र सफल साझेदारीको उत्सव मनाइएको प्रतीक थियो। यसैबीच आईएफएडीका अध्यक्ष श्री अल्भारो लारियोले सामुदायिक-नेतृत्वको ग्रामीण रूपान्तरणलाई गति दिन भारतको नेतृत्वको प्रशंसा गर्नुभयो भने भारत-आईएफएडीका धेरै पहलहरू विश्वव्यापी सन्दर्भ मोडेलहरू बनेका उल्लेख गर्नुभयो। यो साझा दृष्टिकोणमा आधारित छ जसले ग्रामीण समुदायहरूलाई विकासको केन्द्रमा राख्छ।

**प्रधानमंत्री यात्रा - विदेश मंत्रालय**

प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी सोमबारदेखि जोर्डन, इथियोपिया र ओमानको भ्रमण गर्नुहुनेछ । हिजो नयाँ दिल्लीमा संवाददाताहरूलाई जानकारी दिँदै विदेश मन्त्रालयमा दक्षिणी मामिलाका सचिव नीना मल्होत्राले भन्नुभयो, श्री मोदी अब्दुल्लाह द्वितीय बिन अल हुसैनको निमन्त्रणामा १५ अनि  १६ डिसेम्बरमा जोर्डनको भ्रमण गर्नुहुनेछ। प्रधानमन्त्री मोदीको यो पहिलो जोर्डन भ्रमण हो । यो भ्रमण दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७५ औँ वर्षगाँठ पूरा भएको अवसरमा हुँदैछ । मल्होत्राले भारत र जोर्डनबीच बलियो आर्थिक सम्बन्ध रहेको बताउनुभयो । उहाँले भन्नुभयो, भारत जोर्डनको तेस्रो ठूलो व्यापारिक साझेदार पनि हो।

भ्रमणको दोस्रो चरणमा श्री मोदी डिसेम्बर १६ मा इथियोपियाको भ्रमण गर्नुहुनेछ। यसअवधी प्रधानमन्त्री मोदीको इथियोपियाका प्रधानमन्त्री अबी अहमद अलीसँग द्विपक्षीय तथा प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्ने कार्यक्रम रहेको मल्होत्राले बताउनुभयो।

प्रधानमन्त्री आफ्नो भ्रमणको अन्तिम चरणमा डिसेम्बर १७ मा ओमान जानुहुने वाणिज्य दूतावास, पासपोर्ट, वीजा और प्रवासी भारतीय मामिला सचिव अरुणकुमार चटर्जीले जानकारी दिनुभयो । प्रधानमन्त्रीका साथ उच्चस्तरीय प्रतिनिधिमण्डल पनि रहने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, भारत र ओमानबीच व्यापार सम्बन्ध र आपसी संपर्कमा आधारित विशेष साझेदारी छ।

चटर्जीका अनुसार प्रधानमन्त्रीको ओमान भ्रमणका क्रममा धेरै सम्झौताहरूमा हस्ताक्षर हुने सम्भावना छ।

**संचार समझौता ज्ञापन**

संचार मंत्रालय र बॉम्बे स्टॉक एक्सचेंज-बीएसई बीच हिज डाक कर्मचारीहरूलाई म्युचुअल फण्ड वितरकको रूपमा प्रमाणित गर्न एक समझदारी पत्रमा हस्ताक्षर भएको छ। छनोट भएका हुलाक कर्मचारीले यस प्लेटफर्म मार्फत लगानीकर्तालाई सेवा प्रवाह गर्नुका साथै सामूहिक लगानी कोषको कारोबारलाई सहज बनाउने छन् । वित्तीय समावेशीकरणलाई सुदृढ गर्ने र देशैभर लगानीका उत्पादनमा पहुँच वृद्धि गर्ने दिशामा यो एक महत्वपूर्ण कदम भएको मन्त्रालयले जनाएको छ । यसका साथमा यस पहलले ग्रामीण, अर्ध-शहरी र कम सेवा प्राप्त क्षेत्रहरूमा आर्थिक गतिविधिहरूको लागि उत्प्रेरकको रूपमा भारतीय हुलाक नेटवर्कको लाभ उठाउने मन्त्रालयले जनाएको छ ।

**निर्वाचन आयोग-एसआरओ**

निर्वाचन आयोगले आठ प्रमुख राज्यहरूमा मतदाता नामावलीको विशेष गहन पुनरीक्षण-एस.आई.आर.को निगरानी गर्न विशेष पर्यवेक्षकहरू नियुक्त गरेको छ। पश्चिम बंगाल, तमिलनाडु, उत्तर प्रदेश, गुजरात, केरला, मध्य प्रदेश, छत्तीसगढ र राजस्थानमा पर्यवेक्षक खटिएका छन् । आयोगले पर्यवेक्षकले काम सुरु गरेको जनाएको छ । यी पर्यवेक्षकहरू फेब्रुअरी २०२६ मा अन्तिम मतदाता नामावली प्रकाशित नभएसम्म यी राज्यहरूमा रहनेछन्। संशोधन प्रक्रियालाई पारदर्शी ढंगले सञ्चालन गर्ने जिम्मेवारी उनीहरुकै हुनेछ ।

**स्क्वैश**

चेन्नईमा हुने स्क्वास विश्वकपको सेमिफाइनलमा दोस्रो वरियताको भारतीय टोलीले आज डिफेन्डिङ च्याम्पियन मिस्रको सामना गर्दैछ। यस्तै दोस्रो सेमिफाइनलमा शीर्ष वरीयताको हङकङले जापानको सामना गर्नेछ । हिजो भएको क्वाटरफाइनलमा मिस्रले अस्ट्रेलियालाई ३–० ले हराउँदै सेमिफाइनलमा स्थान पक्का गरेको थियो भने भारतले सातौँ वरीयताप्राप्त दक्षिण अफ्रिकालाई ३–० ले पराजित गरेको थियो ।

****** ० ******